# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
## सिंहदरवार, काठमाडौं

मितिः २०८३/०४/०१

**<u>लेख रचनाका लागि अनुरोध</u>**

आयोगको वार्षिक उत्सव (२०८३ असोज २७) को अवसरमा आयोगले सङ्घीयता, वित्तीय सङ्घीयता तथा अन्तरसरकारी वित्त हस्तान्तरण, प्राकृतिक स्रोतको उपयोग र बाँडफाँट लगायतका विषयका लेख रचनाहरु समावेश गरी वित्तीय सङ्घीयता दर्पण प्रकाशन गर्न गइरहेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

आयोगबाट प्रकाशन हुने उक्त "वित्तीय सङ्घीयता दर्पण-२०८३" मा लेख रचना प्रकाशन गराउन चाहने लेखक महानुभावहरुले मिति **२०८३ श्रावण ३० गतेभित्र** आयोगमा प्राप्त हुने गरी लेख-रचना पठाउनुहुन अनुरोध छ। लेख-रचनामा देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछ।

१. लेख रचनाहरु वित्तीय सङ्घीयता, समष्टिगत आर्थिक तथा वित्तीय परिदृश्य, वित्तीय समानीकरण अनुदान, शसर्त अनुदान समपूरक अनुदान तथा विशेष अनुदान, वित्तीय अन्तर, प्रदेश र स्थानीय तहको राजस्व क्षमता र परिचालन, राजस्व बाँडफाँटको मोडालिटी, प्राकृतिक स्रोतको बाँडफाँट र रोयल्टी वितरण, अन्तर सरकारी वित्त हस्तान्तरण र कर द्वन्द, सार्वजनिक वित्त व्यवस्थापन, प्रदेश र स्थानीय तहको लेखा प्रणाली, वर्तमान योजना प्रणाली र आयोजना व्यवस्थापन, पूँजीगत खर्चको प्रवृत्ति र गुणस्तर, वित्तीय अनुशासन, समावेशी विकास, विपद व्यवस्थापन तथा जलवायु वित्त र अर्थतन्त्र सम्बद्ध विषय समावेश भएका मौलिक, खोजपूर्ण, विचार प्रधान तथा अनुसन्धानमूलक हुनुपर्नेछ।
२. लेख रचनाको सुरुमा सारांश, अन्त्यमा निष्कर्ष र लेखमा प्रयोग भएका सन्दर्भ सामग्रीहरुको सूची समेत संलग्न हुनुपर्नेछ।
३. लेख रचना न्यूनतम २५०० देखि बढीमा ४००० शब्दको हुनुपर्नेछ।
४. नेपाली भाषाको लेख रचना युनिकोडको कालिमाटी र अङ्ग्रेजी भाषाको लेखरचना Times New Roman फन्टमा Soft copy (Word File) आयोगको इमेल ठेगाना info@nnrfc.gov.np मा पठाउनुपर्नेछ।
५. वित्तीय सङ्घीयता दर्पण प्रकाशनको लागि पठाइएका लेख रचनाहरु अन्यत्र प्रकाशन गर्न पाइनेछैन। यदि अन्यत्र प्रकाशन गर्नुपरेमा आयोगको पूर्व स्वीकृति लिनुपर्नेछ।
६. लेख रचनाहरु स्वीकार गर्ने वा नगर्ने अधिकार आयोगमा रहनेछ।
७. लेख रचनामा लेखकको सम्पर्क नम्बर र इमेल ठेगाना समेत उल्लेख गर्नुपर्नेछ।
८. लेख रचना छनौट भई "वित्तीय संघीयता दर्पण-२०८३" मा समावेश भएमा नेपाल सरकार अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८१(नवौं संस्करण) बमोजिमको रकम पारिश्रमिकको रुपमा उपलब्ध गराइनेछ।